बैठक नं. ०९

मिति: २०७६/१२/२८

समय: १:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७६/१२/२८ गते शुक्रबारको दिन कैलाश गाउँपालिका अध्यक्ष श्री टंक बहादुर मुक्तानकोज्युको अध्यक्षता गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री प्रकाश राई | माइन्युट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

प्रस्तावहरु

- समिक्षा सम्वन्धमा ।
- विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्ने सम्वन्धमा ।
- विपद व्यवस्थापन कोषका निर्णय अनुमोदन सम्वन्धमा ।
- गाडी भाडा रकम भुक्तानी सम्वन्धमा ।
- डिपिआर रकम भुक्तानी सम्वन्धमा ।
- प्राविधिक कर्मचारीको जिम्मेवारी सम्वन्धमा
- सवारी साधन भाडामा लिने दरभाउपत्रमाग सम्वन्धमा
- सरसफाइ सम्वन्धी सावुनको दरभाउपत्र माग सम्वन्धमा

निर्णय नं १ : यस गाउँपालिकाको समग्र पक्षको समिक्षा गर्दा तपशिल वमोजिम थप कार्य तदारुकताका साथ अगाडी वढाउनु पर्ने आवश्यकता देखियो ।

तपशिल

- प्रभावकारी संचार , समन्वय र एकताको सहजताको लागी जनतप्रतिनिधी कर्मचारी सवैले कार्यालयवाट उपलव्ध गराइऐका मोवाइल सिम , मोवाइल एप्स , फेस वुक एकाउन्ट र गाउँपालिकाको वेवसाइट र ग्रुप म्यासेजमा यथासिग्र चाडो जोडिनु पर्ने , संचालन गर्नु पर्ने ।
- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस ( कोभिड १९ ) न्यूनिकरणको लागी चाहीने औषधी उपकरण , हेल्प डेस्क जस्ता सामाग्री उपलव्धता सिध्र गरिनु पर्ने ।
- माहामारीको समयमा कार्यालयका कर्मचारीहरु लामो समय सम्म पनि कार्यालयमा गैह हाजिर हुदा लगत संकलन र राहत लगायतका आकस्मिक कार्यमा वाधा उत्पन्न भएकोमा सिघ्र गाउँपालिकाको सम्पर्कमा रहनु पर्ने ।

निर्णय नं २ वर्तमान अवस्थामा विश्वव्यापी महामारीको रुप लिएको कोरोना भाइरस ( कोभिड १९) र आसन्न गर्मी समयमा संभावित आगलागी, चटयाङ्ग, हुरीवतास ,झाडापखला , हैजा र वर्षातको

समयमा हुने वाढी पहिरोजन्य प्राकृतिक विपदलाइ लक्षित गरि गाउँपालिका द्वारा स्थापना भएको विपद व्यवस्थापन कोषमा गाउँ सभावाट विनियोजन भएको रकम र जनप्रतिनिधी ,कर्मचारी र स्वच्छिक दाताहरुवाट प्राप्त हुन आएको सहयोगलाइ धन्यवाद दिदैं उक्त रकम लाइ तपशिल वमोजमका शिर्षकवाट तपशिलको रकम जम्मा गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| उद्धार राहत तथा पुन स्थापना शिर्षकमा वचत भएको रकम | रु १४६००००। |
| भैपरी आउने चालु शिर्षकमा वचत भएको | रु ४०००००। |
| पुर्जिगत शिर्षकमा विनियोजन विपद व्यवस्थापन कार्यक्रम तथा सामाग्री खरिदको रकम ( गाउँ सभावाट पुन अनुमोदन गरि मलेनिकाको सुत्रमा अपडेट गरि ) | रु २५६१००० |
| जल उत्पन्न प्रकोप नियन्त्रणको | रु ३४१४०००० |
| वन तथा भु संरक्षणको रकम रु | रु ४२६००० |
| प्रदेश सरकारवाट प्राप्त हुने रकम | रु १०००००० |
| यस क्षेत्रका प्रदेश माननीय इन्द्र वनियाँवाट प्राप्त रकम | रु २००००० |
| वाग्मतीप्रदेश पत्रकार महासंघका महासचिव कृष्ण सारुमगर वाट | रु ११५०० |
| गाउँपालिकाका कर्मचारीहरुवाट तोकिए वमोजिमको कटी रकम | रु २४०००० |
| गाउँपालिकाका जनप्रतिनिधीहरुवाट अध्यक्ष उपाध्यक्ष दश दश हजार र वडा अध्यक्ष ज्यूहरुवाट पाँच पाच हजारका दरले प्राप्त भएको एकमुष्ट रकम | रु ७०००० |
| कुल जम्मा | रु ९७१२५०० |

निर्णय नं ३ यस गाउँपालिकामा गठन भएको विपद व्यवस्थापन समितिको मिति २०७६।१२।११गते मिति २०७६।१२।२१ गते र मिति २०७६।१२।२८ गते भएका भएका सम्पुर्ण निर्णयहरु अनुमोदन गरि सृजित विपदको प्रभावकारी न्यूनिकरण र संभावित विपदको न्यूनिकरणका सवै उपाया अवलम्वन गर्न तत् निकायलाइ क्रियाशिल हुन गराउने निर्णय गरियो ।

निर्णय नं ४ यस गाउँपालिकाले प्रकोप व्यवस्थापन कार्य र कार्यालय प्रयोजनको कार्यमा गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले विभिन्न समयमा निजी सवारी धनिको सवारी साधन भाडामा लिई संचालन गरेका सवारी साधनको भाडा रकम विनियोजित (अन्य भाडा) शिर्षकवाट खर्च हुने गरि

भुक्तानी दिने निर्णय गरियो । साथै विश्व सुन्दरी टोनी एन्ड सिंहको यस गाउँपालिका वडा नं ७ मा रहेका डिको स्वास्थ्य चौकीमा सहयोग प्रदान गर्नै कार्यक्रममा भएको विल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५ यस गाउँपालिकामा गाउँ सभावाट निर्णय भए अनुसारका मानेभन्जाङ्ग अल्छे पकनी, कालिटार नामटार र वुकुटे लिक्चे लावती सडकहरुको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने गरि विभिन्न मितिमा भएका सम्झौताको अनुमोदन गर्ने , तयार भएका विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्ने , स्वीकृत भएका आयोजना प्रतिवेदनको तयारी गर्ने परामर्शदाता कम्पनीलाइ सम्झौता अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ६ यस गाउँपालिकामा रहेका तपशिलमा प्राविधिक कर्मचारीहरुलाइ तपशिल वमोजिमको कार्य जिम्मेवारी वहन गर्ने गरि तपशिल वमोजिमका वडामा जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपशिल

| क स | कर्मचारीको नामथर | पद | जिम्मेवारी तोकिएको क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सन्दीप ढकाल | इन्जिनियर | उपभोक्ता समितिवाट संचालन हुने योजनाहरु | गा.पामा हाजिर भइ कामकाज गर्ने |
| २ | महेश के.सी | इन्जिनियर | ठेक्कावाट संचालन हुने योजना | गा.पा मा हाजिर भइ |
| ३ | हर्क जिरेल | सव इन्जिनियर | वडा नं ५ र ६ | कार्यालयमा हाजिर भइ वडामा हाजिर हुने |
| ४ | सुप्रभा शर्मा | सव इन्जिनियर | वडा नं ९,१०,३,४ | कार्यालयमा हाजिर भइ तोकिएको वडामा समन्वय गर्ने |
| ५ | आयसा जोशी | सव इन्जिनियर | वडा नं १ ,२ ,७ र ८ | कार्यालयमा हाजिर भइ तोकिएको वडामा समन्वय गर्ने |
| ६ | धनवहादुर थापा | अ.स.इ( खापासटे) | वडा नं ७ र ८ | वडा नं ८ मा हाजिर भइ ७ मा समन्वय गर्ने |
| ७ | नरेन्द्रदत्त भट्ट | अ.स.इ | वडा नं ३ र ४ | वडा नं ३ मा हाजिर भइ ४ मा समन्वय गर्ने |
| ८ | असिम गिरी | अ.स.इ | वडा नं १ र २ | वडा नं २ मा हाजिर भइ १ मा समन्वय गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ९ | छठू शाह | अ.स.इ | वडा नं ९ र १० | वडा नं ९ मा हाजिर भइ १० मा समन्वय गर्ने |

निर्णय नं ७ यस गाउँपालिकाका प्रयाप्त सवारी साधन र निर्माण जन्य हेभि मेशिन, औजार ,उपकरण नभएकोले विपदको समयमा विपद जन्य सामाग्री ढुवानी , अनुगमन तथा मर्मत संभारका लागी र गाउँपालिकावाट हुने निर्माण कार्यको लागी प्रयोग गर्नु पर्ने भएकोले सवारी र हेभि मेशिन औजार उपकरण धनीहरुवाट भाडामा उपलव्ध गराउने दररेट मागको लागी सात दिनको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय न. ८ :सम्भावित महामारीवाट जोगिनको लागी यस गाउँपालिकामा सरसफाइ सम्वन्धी जनचेतना अभिवृद्धी गर्न प्रत्येक घर परिवारलाइ कम्तिमा आधा दर्जन हात धुने सावुन खरिद गरि वितरण गर्ने प्रयोजनको लागी दरभाउपत्रका माध्यामवाट खरिद गरि वडा कार्यालय मार्फत वितरण गर्ने निर्णय गरियो ।